# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग, तेह्रथुम
१ नं प्रदेश, नेपाल

प.स.०७७/७८
च.नं. ३९२४

मितिः२०७८/०२/२७

**सामुदायिक विद्यालयहरुका किशोरीहरुका लागि सेनिटरी प्याड खरिद सम्बन्धी शिलबन्दी विद्युतीय दरभाउपत्र आव्हानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०७८/०२/२८)**

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाई आ.व.०७७/७८ का लागि आवश्यक पर्ने सेनिटरी प्याड खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक सम्बन्धित इजाजत प्राप्त उत्पादक कम्पनी वा इजाजत प्राप्त फर्मले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु.१०००।– (फिर्ता नहुने गरी) तिरी **शिलबन्दी विद्युतीय दरभाउपत्रदाता** वा निजको अधिकृत प्रतिनिधिले तपशीलको शर्त/अधिनमा रही शिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएकोछ ।

**तपशील**

१। शिलबन्दी दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०७७/७८ का लागि अघिल्लो आ.व.को नवीकरण गरेको कर चुक्ता प्रमाणपत्र वा सो सँग मान्न हुने अन्य कुनै लिखित कागजात, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नपर्नेछ।

२। उक्त प्रक्रियामा सहभागी हुन आउँदा मु.अ.कर मा दर्ता भएको र आ.व. ०७६/७७ को कर चुक्ता प्रमाणपत्र वा सो सँग सम्वन्धित कागजात संलग्न गरेको हुनुपर्नेछ ।

३। खरिद प्रक्रिया E-GP प्रणालीको माध्यमवाट मात्र गरिने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौंको आधारिकारिक वेवसाइट www.bolpatra.gov.np बाट विड डकुमेन्ट दरभाउपत्रदाताले सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरिसक्नुपर्नेछ। विक्री भै सकेका दरभाउपत्र फारामहरु १६औं दिनको मध्याह्न ठीक १२ बजे सम्म रितपूर्वक पेश हुन आएको शिलबन्दी दरभाउपत्र विद्युतीय माध्यमबाट दर्ता गर्नुपर्नेछ । साथै E-Submission का लागि दरभाउपत्र खरिद दस्तुर वापत संचित कोष खातामा जम्मा गरेको र सम्वन्धित ठेक्का नं. र दरभाउपत्रको नाम खुलेको राजश्व दाखिला भौचर Electronic Bid File साथै पेश गर्नुपर्नछ । रीतपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको ठीक १ बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त दरभाउपत्र खोल्ने कार्यक्रममा दरभाउपत्रदाता वा निजको प्रतिनिधि

उपस्थित नभएमा खोल्न बाधा पर्नेछैन तर दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोसम्बन्धी सम्पूर्ण कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

४। **EGP** मार्फत कागजात खरिद गर्नका लागि नेपाल बैंक लिमिटेड तेह्रथुम शाखामा यस नगरपालिकाको आन्तरिक राजस्व खाता नं. ०५४०३०००००१००१००००००१ मा (रु.१००० फिर्ता नहुने) रकम जम्मा गर्नुपर्नेछ ।

५। दरभाउत्रपत्र साथ नेपाल बैंक लिमिटेड तेह्रथुम शाखामा यस नगरपालिकाको धरौटी खाता नं. ०५४०३०००००३००००००००१ मा फर्मको नामबाट तपशीलमा उल्लेखित जमानत बापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गका वाणिज्य वैकहरु मध्येबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (Bid Bond) पेश गर्नुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र दरउभापत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।

६। बैंक जमानत, परफरमेन्स ग्यारेन्टी, अग्रिम पेश्की लगायतका कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तोकिएको **Standard** ढाँचामा हुनुपर्नेछ । तोकिएको ढाँचा अनुसार नभएमा मूल्यांकनमा समावेश गरिने छैन ।

७. सेनिटरी प्याड खरिद गर्दा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ वमोजिम तथा कार्यालयबाट तयार भएको स्पेशिफिकेशन बमोजिम मात्र खरिद गरिनेछ ।

८. प्राप्त हुन आएका दरभाउपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार गर्ने अथवा पूर्ण रुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

९. एक विक्रेताको नाममा विक्री भएको दरभाउपत्र फाराम अर्को विक्रेताको नाममा दाखिला गर्न पाउनेछैन ।

१०. कार्यालयमा थप सेनिटरी प्याड खरिद गर्नुपर्ने भएमा सोही दररेट अनुसार थप खरिद गर्न पनि सकिनेछ । शिलबन्दी दरभाउपत्र मा पेश गरेको मूल्यमा यस आ.व.का लागि दररेट भएको हुँदा आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्यवृद्धिलाइ स्वीकार गरिनेछैन ।

११. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झाता गर्न आउँदा कार्य सम्पादन जमानत बापत सम्झाता अंकको थप ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जमानत वा नगद माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

१२। सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित ऐनमा नियम बमोजिम हुनेछ

# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग, तेह्रथुम
### १ नं प्रदेश नेपाल

१३. शिलबन्दी दरभाउपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेवसाइट **www.myanglungmun.gov.np** वा इमेल ठेगाना muanglungmunicipality@gmail.com वा कार्यालय समयमा ०२६-४६०१३५ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**तपशील**

| सि.नं. | विवरण | मू.अ.कर बाहेक अनुमानित मूल्य | धरौटी रकम | कै |
|---|---|---|---|---|
| 1 | सेनिटरी प्याड खरिद<br><br>**(Sanitary Pad with the following minimum standards)** size including 280 mm width length and 60 to 75 mm with 17 mm thickness the sanitary pad shall absorbe at least 30 ml of coloured distilled water and dont leakage at the bottom or sides of the sanitary napkins.<br><br>**Type and Phycial Finishing**<br><br>regular with wing, napkin with uniform thickness' throughout without any wrinkles and distortion. pad shall have soft feel.<br><br>**packaging type**<br><br>at least 90% compostable pack.<br><br>**pack**<br>minimum 8 pads per pack<br><br>**Biodegradability or composability requirements**<br><br>at least 90 % degrade within 6 months (Testing is performed and conformed from Recognized and approved laboratory.) | ८३१६१०/- | २४०००/- | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत